लहान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लहान सिराहा
मधेश प्रदेश, नेपाल
(राजश्व शाखा)

## नदीजन्य पदार्थ उत्खनन्, संकलन, विक्री तथा व्यवस्थापनका लागि शिलवन्दी वोलपत्र आह्वान सूचना ।

प्रथम पटक सूचना प्रकाशीत मितिः२०८२/०४/२४

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क), मधेश प्रदेश आर्थिक ऐन, २०८२ को दफा ८ को उपदफा (१) र यस लहान नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ११ को व्यवस्था वमोजिम तपसिलमा उल्लेखित खोला/नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खन्न/संकलन गरी लहान नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी चालु आ.व. २०८२/०८३ (२०८२ अशोज १ गते देखि २०८३ जेठ मसान्तसम्म जम्मा २७० दिनका) कोलागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, व्यवसाय नविकरण प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही वोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सवैको जानकारीकोलागि यो सूचना प्रकाशन गरिएकोछ ।

**तपशिलः-**

| सूचना नं./ बोलपत्र नं. | ठेक्काको नाम | दैनिक रुपमा उत्खनन् तथा संकलन गर्न सकिने अधिकतम परिमाण | जम्मा उत्खनन् परिमाण २७० दिनको (घन मिटरमा) | न्यूनतम ठेक अंक रकम रु. (सेवा शुल्क र मू.अ.कर बाहेक) | बोलपत्र जमानत रकम रु. | बोलपत्र फारम दस्तुर रकम रु. |
|---|---|---|---|---|---|---|
| ०१/०८२ /०८३ | नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल माटो आदी) उत्खनन, संकलन, व्यवस्थापन तथा विक्री वितरण ठेक्का | बलान खोलाः- २०१.३९ घन मी. सर्रे खोला- २०७.७४ घन मी. | ११०४६५.१ घन मी. | २,२०,९३,०२०।- | कबोल अंकको ५% ले हुने रकम | ५,०००।- |

**शर्तहरुः-**

०१. वोलपपत्र फाराम खरिद गर्न ईच्छुक फर्म वा कम्पनीहरुले फर्म नवीकरण भएको दर्ता प्रमाणपत्र, व्यवसाय नविकरण प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र बोलपत्र फाराम दस्तुर वापत नेपाल बैक लि., शाखा कार्यालय, लहानमा रहेको यस कार्यालयको खाता नं. ०३६०३०००००१००१०००००१ मा नगद जम्मा गरेको बैंक भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । वोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट अर्थात् कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोलिने कार्य हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

०२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफूले कबोल गरेको अंकको ५% को दरले हुन आउने धरौटी रकम नेपाल बैंक लि., लहानमा रहेको यस कार्यालयको धरौटी खाना नं. ०३६०३०००००३००००००००१ जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकवाट इजाजत प्राप्त बाणिज्य बैंकवाट बोलप नं. र ठेक्काको नाम उल्लेख गरी कम्तिमा १२० दिनको म्याद भएको यस कार्यालयको पक्षमा जारी गरिएको बिड बण्ड र तोकिएको बोलपत्र फारम दस्तुर तालिकमा उल्लेख भए वमोजिम यस कार्यालयको बैंक खाना नं. मा जम्मा गरेको बैंक भौचर शिलवन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

०३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताको प्रत्येक पानामा सही छाप गरी शिलबन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोवाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० वजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्ने छ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

०४. एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा कम्पनीको नामवाट दाखिला गर्न पाईने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न वाधा पर्ने छैन ।

०५. प्रि-विड वैठक यो सूचना प्रकाशित मितिले १७ औं दिन दिनको १:०० बजे नगरकार्यपालिकाको कार्यालय, लहानमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त वैठकमा भाग लिई यस सम्वन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा उक्त वैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

०६. वोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

०७. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ (पन्ध्र) दिनभित्र कबोल अंकको ५०% ले हुने प्रथम किस्तावापतको रकम अनिवार्य बुझाउनुपर्नेछ । बाकी ५०% ले हुने दोस्रो र तेश्रो किस्तावापतको रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बाणिज्य बैंकबाट वि.सं. २०८३ साल साउन मसान्तसम्म म्याद भएको यस कार्यालयको पक्षमा जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स वन्ड) समेत पेश गरी चलनपट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने फर्म वा कम्पनीले आफुले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर वोलपत्रदाताले छुट्टै वुझाउनु पर्ने छ ।

०८. कुनै कारणवस ठेक्का अवधि कम हुन गएमा कवोल अंकलाई आधार मानी कम हुने अवधिको दामासाहीले कम हुन आउने अंकलाई ठेक्का अंक रकम मानिनेछ ।

०९. अन्य विषयका सन्दर्भमा कार्यालय र ठेक्का सकार्न सफल फर्म/ व्यवसायी र नगरपालिका विच हुने सम्झौताको शर्त वमोजिम हुने छ ।

नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा
मधेश प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

१०. बोलपत्र फारम पेश गर्दा कुनै किसिमको शर्त मान्य हुनेछैन । साथै रित नपुगी वा म्याद नाघी आएको टेण्डर उपर कुनै कार्यवाही हुनेछैन ।

११. प्राप्त टेण्डरहरु कुनै पनि कारण जनाई वा निजलाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. यस कार्यालयमा साविकमा बाँकी बक्यौता राखेका व्यक्ति/घर परिवार तथा उक्त व्यक्ति आवद्ध फर्म, संस्था लाई ठेक्का प्रकृयामा समावेश गरिने छैन ।

१३. तोकिएको म्यादभित्र चलनपट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । उल्लेखित खोला/नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, लहान नगरपालिकाबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड वमोजिम हुनेछ । साथै स्वीकृत (IEE) वातावरणीय अध्ययन प्रतिवेदन ठेक्का सम्झौताको अभिन्न अंग मानिनेछ ।

१४. ठेक्का सम्बन्धी अन्य विषयमा जानकारी लिनु परेमा कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिन्छ ।

जयकान्त झा
प्रमुख प्रशासकीय अधिकृत